# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८२/८३ मितिः २०८२/०९/२०
च.नं.:

रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको

**साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सम्बन्धी सूचना !!!**

तेस्रो पटक प्रकाशित मितिः २०८२/०९/२० गते

रत्ननगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रत्ननगर, चितवनको चालु आ.व. २०८२/८३ को स्वीकृत बार्षिक कार्यक्रम संघीय सरकारबाट हस्तान्तरित (सशर्त अनुदान) अन्तर्गत स्वीकृत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)को ४.१ साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अनुसार तपसिलको नयाँ बाली पकेट स्थापना कार्यक्रम सञ्चालनका लागि इच्छुक कृपक/कृषि फर्म/उद्यमी/समूह/सहकारी संस्था/जल/बन उपभोक्ता समितिले उल्लेखित म्यानुअलको अनुसूची १० अनुसारको अनुदानका लागि आवेदन फारम सहित आवश्यक कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८२/०९/२६ गते) भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सम्वन्धित सवैमा जानकारी गराइन्छ। साथै, यस विषयमा थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

| क्र. सं. | कार्यक्रमको शीर्षक | बजेट रु. | न्यूनतम मापदण्ड | उपलब्ध हुने सेवा सुविधाहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | आ.व. २०८२/८३ मा तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन | १२ लाख | २० हेक्टर (६०० कट्ठा) क्षेत्रफल | ५०-८५% सम्म अनुदानमा (परिच्छेद ७ अनुसार) | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१) अनुसार |

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्सः ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

# रत्ननगर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रत्ननगर, चितवन

बागमती प्रदेश, नेपाल

आवदेन/निवेदन साथ पेश गर्नुपर्ने अन्य कागजातहरु:

१) अनुसूची १० अनुसारको अनुदानका लागि आवेदन फारम

२) नयाँ बाली पकेट स्थापनाको हकमा अनुसूची ६ बमोजिमको ढाँचामा पकेट मागका लागि आवेदन फारम, अनुसूची ७ अनुसारको पकेट क्षेत्र मागको लागि आधारभूत तथ्याङ्क,

३) सम्बन्धित निकायमा कृषि फर्म/कृषि समूह/सहकारी/संस्था/समिति दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

४) पान नं., दर्ता प्रमाणपत्रको प्रतिलिपि,

५) गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,

६) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमीन) को धनिपुर्जा वा भाडाको जग्गा **भएमा कम्तिमा ५** वर्षको सम्झौतानामाको प्रतिलिपि,

७) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रवो प्रतिलिपि,

८) संस्थाको कार्य समितिको निर्णय प्रतिलिपि,

९) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र,

(नोटः आवश्यक प्रस्तावना फारम रत्ननगर नगरपालिकाको कार्यालय र वेवसाइट www.ratnanagarmun.gov.np वा www.ratnanagarkrishi.gov.np बाट प्राप्त गर्न सकिनेछ।)

CamScanner